# लोकसेवा नमुना प्रश्नपत्र - ४

**Key – C**

**समयः** ४५ मिनेट **पत्रः** प्रथम **पूर्णाङ्कः** १००

**विषयः** सामान्य ज्ञान तथा आधारभूत कार्यालय सिप परीक्षण

## वस्तुगत बहुबैकल्पिक प्रश्न(५० प्रश्न × २ अंक)

**उत्तरपुस्तिका प्रशनपत्रको Key अनिवार्य उल्लेख गर्नुपर्नेछ। Key उल्लेख नगरेमा उत्तरपुस्तिका रद्ध हुनेछ। परिक्षामा Mobile, Calculator लगायतका विद्युतीय उपकरणहरु प्रयोग गर्न पाइने छैन।**

१.तल मूलप्रतिमा दिइएको सूचना रूजुप्रतिमा पनि जस्ताको तस्तै हुनुपर्नेमा केही त्रुटिहरू देख्न सकिन्छ। त्यस्ता त्रुटिहरू कतिवटा रहेका छन्? पत्ता लगाउनुहोस्।

| मूलप्रति | रूजुप्रति |
|---|---|
| चमक दमक लमक झमक चमक दमक | चमक दमक लमक झमक चमक दमाक |
| लमक झमक चमक दमक लमक झमक | लमक झमक चमक दमक लमक झमक |
| चमक दमक लमक झमक चमक दमक | चमक दकम लमक झमक चमक दमक |
| लमक झमक चमक दमक लमक झमक | लमक झमक चमक दमक लमक झमक |
| चमक दमक लमक झमक चमक दमक | चमक दमक लमफ झमक चमक झमक |

(A) २ (B) ३ (C) ४ (D) ५

२.तल (X) मा रहेको चित्रको हुबहु प्रतिलिपि (Photocopy) दिइएका मध्ये कुन हो?

| (X) | (A) | (B) | (C) | (D) |
|---|---|---|---|---|
| 1#02!!33 | 1#02!!33 | 1#02!!33 | 1#02!!32 | 1#02!!33 |
| 2@33!!1! | 2&33!!1! | 2@33!11! | 2@33!!1! | 2@33!!1! |
| 2#33$$0! | 2#33$$0! | 2#33$$0! | 2#33$$0! | 2#33$$0! |
| 3!!22$!$0 | 3!!22$!$0 | 3!!22$!$0 | 3!!22$!$0 | 3!!22$!$0 |

Bidhya Mandir


**३.प्रश्न चिन्ह (?) भएको स्थानमा कुन विकल्प सही हुन्छ?**

**शनिबार, आइतबार, मंगलबार, शुक्रबार, ? , आइतबार**

(A) मंगलबार (B) बुधवार

(C) बिहिबार (D) शनिबार

**४.प्रश्न चिन्ह (?) भएको स्थानमा कुन विकल्पको चित्र उपयुक्त हुन्छ?**







(A) (B) (C) (D)

**५.तल दिइएका विकल्पहरूमध्ये कुन विकल्प अरू विकल्पमध्ये फरक छ?**

(A) ८६८८ (B) ४२८६ (C) ९६८७ (D) ७३९५

**६.तल दिइएका चित्रहरूमध्ये कुनै एउटा चित्र अरूभन्दा फरक छ भने त्यो कुन चित्र हो?**



(A) (B) (C) (D)


**Ans: D**

**७.तल दिइए अनुसार प्रश्न चिन्ह (?) रहेको स्थानमा आउने अंक पत्ता लगाउनुहोस्।**

**२५४ :: ४०, ५२६ :: ६०, ३७२ :: ?**

(A) ३६ (B) ४० (C) ४२ (D) ४८

८.तार्किकरूपमा सुहाउँदो सबैभन्दा उत्तम विकल्प रोज्नुहोस् जसले चित्रहरूबीचको सम्बन्ध देखाउँछ।




**Ans: B**

९.निम्न फाईलक्रम भएका फाईलहरूलाई बढीबाट घटीक्रममा राख्दा दिएका विकल्पहरूमध्ये कुन उपयुक्त हुन्छ?

१) २२९८३ २) २२९९५ ३) २२९६५ ४) २२९०६ ५) २३९८३

(A) ५, २, १, ३, ४ (B) ३, १, ४, ५, २

(C) २, ४, ५, १, ३ (D) ४, २, ३, १, ५

१०. निम्न नामहरूलाई नेपाली वर्णमालाक्रम अनुसार अगाडिदेखि पछाडि हुने गरी क्रमबद्ध गर्नुहोस् र सही कोड छनौट गर्नुहोस्।

१) कमल रायमाझी २) कलम थापा ३) कमल भण्डारी

४) कमल पौडेल ५) कमल नेपाल

(A) ५, ४, १, २, ३ (B) २, ४, १, ३, ५

(C) ४, २, ३, १, ५ (D) ५, ४, ३, १, २

११. सिद्धार्थ गौतमको जीवनसँग जोडिएर आउने मायादेवीलाई ...... नामले पनि सम्बोधन गरिन्छ।

(A) महामाया (B) प्रजापति गौतमी

(C) यशोधरा (D) नन्दकुमारी

१२. वि.सं. २०१५ सालको आम निर्वाचनमा देशभर कति निर्वाचन क्षेत्र रहेका थिए?

(A) १०५ (B) १०९ (C) २०५ (D) २६५

Bidhya Mandir

१३. विश्व बैंकको प्रतिवेदन अनुसार सन् २०२६ मा नेपालको आर्थिक वृद्धि कति प्रतिशतले हुने अनुमान गरेको छ?

(A) २.१ (B) ३.१ (C) २.३ (D) ३.५

१४. संगीतको आधार तलका मध्ये कुन वेदलाई मानिन्छ?

(A) ऋग्वेद (B) अथर्ववेद
(C) यजुर्वेद (D) सामवेद

१५. नेपालमा आयोजना बैंक (Project Bank) निर्माण गर्ने कार्य कुन निकायको हो?

(A) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(B) अर्थ मन्त्रालय
(C) राष्ट्रिय योजना आयोग
(D) लगानी बोर्ड नेपाल

१६. नेपालमा बोलिने प्रमुख पाँच भाषाहरूमा बढीदेखि कमको क्रम तलका मध्ये कुन सही हो?

(A) नेपाली, मैथिली, भोजपुरी, तामाङ, थारू
(B) नेपाली, भोजपुरी, मैथिली, थारू, तामाङ
(C) नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ
(D) नेपाली, भोजपुरी, मैथिली, तामाङ, थारू

१७. वि.सं. २०८१ सालको मदन पुरस्कार कुन कृतिलाई प्रदान गरिएको थियो?

(A) मुकाम रणमैदान (B) चक्रब्युह
(C) उरमाल (D) ऐंठन

Bidhya Mandir

१८. समूह I र समूह II जोडा मिलाई सही विकल्प रोज्नुहोस्ः

| समूह I | समूह II |
|---|---|
| १) छिन्नमस्ता | क) बाँके |
| २) चन्दननाथ मन्दिर | ख) जुम्ला |
| ३) सतासी धाम | ग) सप्तरी |
| ४) बागेश्वरी मन्दिर | घ) झापा |

(A) १-क, २-घ, ३-ख, ४-ग
(B) १-क, २-ख, ३-ग, ४-घ
(C) १-ख, २-घ, ३-क, ४-ग
(D) १-ग, २-ख, ३-घ, ४-क

१९. सन् २०२५ को 31st (United Nations Climate Change Conference) कहाँ हुने तय भएको छ?

(A) बाकु, अजरबैजान
(B) बेलेम, ब्राजिल
(C) बोन, जर्मनी
(D) अन्ताल्या, टर्की

२०. नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार कुल जनसंख्याको कति प्रतिशत १५ देखि ५९ वर्ष उमेरका रहेका छन्?

(A) ५६.९६
(B) ५९.६६
(C) ६१.९६
(D) ६६.१९

२१. तल दिइएका निर्देशनहरू पालना गरी दिएको समस्या हल गर्नुहोस्।

निर्देशनहरूः

१.दिइएका अक्षरहरूको क्रम "इ ल म ग र न उ प र छ स ब ई ल आ इ भ न " मा अगाडि स्वर वर्ण र पछाडी व्यञ्जन वर्णको बिचमा भएका व्यञ्जन वर्णहरूको संख्या गन्नुहोस्

२.सो संख्यालाई ५ ले गुणन गर्नुहोस्

समस्याः **गुणनफल कति हुन्छ ?**

(A) १०
(B) १५
(C) २०
(D) ३

२२. तल दिएको भित्तेपात्रोमा गोलो चिह्न लगाएको ठाउँलाई सार्वजनिक विदा भनिएको छ । साथै, आइतबार र शनिबारको दिन पनि विदा मानिएको छ । त्यस बाहेक अरू दिन कार्यालय खुल्ला रहनेछ। उक्त भित्तेपात्रोलाई आधार मानि दिएको प्रश्नहरूको उत्तर दिनुहोस्

| भित्तेपात्रो | | | | | | |
|---|---|---|---|---|---|---|
| आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार | शनिबार |
| | | १ | २ | ३ | ४ | ५ |
| ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १३ | १४ | १५ | (१६) | १७ | १८ | १९ |
| २० | २१ | (२२) | २३ | २४ | २५ | २६ |
| २७ | २८ | २९ | ३० | ३१ | | |

विदाको दिन गन्ति नगरी महिनाको चौथो बुधबारभन्दा पाँच दिन पहिले कति गते पर्छ?

(A) ११ (B) १४ (C) १५ (D) १७

२३. तलको मेट्रिक्समा प्रश्नचिन्हहरू रहेको स्थानमा रहने उपयुक्त विकल्प कुन हो ?

| | | | |
|---|---|---|---|
| ११ | १४ | १९ | २६ |
| १८ | २१ | २६ | २३ |
| २७ | ३० | ? | ४२ |
| ३८ | ? | ? | ५३ |

(A)

| | |
|---|---|
| | ३४ |
| ४० | ४५ |

(B)

| | |
|---|---|
| | ३५ |
| ४१ | ४६ |

(C)

| | |
|---|---|
| | ३५ |
| ४२ | ४६ |

(D)

| | |
|---|---|
| | ३६ |
| ४१ | ४७ |

Bidhya Mandir

२४. एक जनाले जम्मा रु. १७२८ बाटो खर्च पाएछ। उसले रु. ७२ नास्तामा, त्यसपछि बचेको १/८ भाग बस भाडामा र पुनः बचेको ४/९ भाग बास बस्न खर्च गरेछ। अब उसले पाएको जम्मा पैसाको कति भाग बाँकी छ होला?

(A) ५/११ (B) १३/२९


(C) २०/४५ (D) ७/१५

२५. **BRANCH** को कोड **DTCLAF** भए जस्तै निम्न मध्ये कुन मिल्छ?


(A) DPGGPF: FRIEND (B) NORMAL: ALTFCD

(C) PCQAWG: RESCUE (D) NATION: CYRGM

२६. तल केही चित्रहरू र तिनका कोडहरू दिएको छ ।





उल्लेखित चित्र र कोडको आधारमा निम्न चित्रहरूको कोड रहेको सही विकल्प रोज्नुहोस्



(A)78264 (B)78164 (C) 71854 (D)851104


२७. निम्न अक्षर मेट्रिक्सलाई ध्यानपुर्वक अध्ययन गर्नुहोस् र प्रश्नचिन्ह(?) रहेको स्थानमा रहनुपर्ने अक्षर तार्किक रूपमा पत्ता लगाउनुहोस् ।




(A) S (B) R (C) O (D) A

२८. तलको चित्रमा कतिवटा त्रिभुजहरू छन्?

(A) १२ (B) १३ (C) १४ (D) १५



२९. टुँडिखेलमा एउटा घोडा थियो । पहिलो ड्रमको आवाजसँगै घोडा उफ्रियो र ४५ डिग्री घडी घुम्ने दिशा तर्फ घुम्यो । दोस्रो पटकको ड्रमको आवाजसँगै घोडा उफ्रियो र ९० डिग्री घडी घुम्ने दिशाको उल्टो घुम्यो । तेस्रो पटकको ड्रमको आवाजसँगै घोडा उफ्रियो र १३५ डिग्री घडी घुम्ने दिशा तर्फ घुम्यो र अहिले उत्तर दिशा तर्फ फर्किएको छ भने शुरूमा घोडा कुन दिशा तर्फ फर्किएको थियो?

(A) पूर्व
(B) दक्षिण-पूर्व
(C) पश्चिम
(D) उत्तर-पूर्व

Bidhya Mandir

**३०. सुजन पूर्वतर्फ ५०० मिटर हिँड्छ र त्यसपछि बायाँ मोडिएर ६०० मिटर हिँड्छ । त्यहाँबाट उ दायाँतर्फ मोडिएर ९०० मिटर हिँड्छ र अन्तमा आफ्नो दायाँतर्फ फर्कन्छ र ६०० मिटर हिँड्छ भने शुरूवात विन्दुबाट उ कति टाढा पुगेको होला?**

(A) ८०० मिटर
(B) १२०० मिटर
(C) १४०० मिटर
(D) १८०० मिटर

**३१. दिगो विकास लक्ष्यको लक्ष्य नं. ४ के सँग सम्बन्धित छ?**

(A) गुणस्तरीय शिक्षा
(B) स्वास्थ्य र समुन्नत समाज
(C) लैङ्गिक समानता
(D) स्वच्छ पानी तथा सरसफाई

**३२. रतन्धो (Night blindness) के को कमी भएमा लाग्छ?**

(A) भिटामिन सि
(B) भिटामिन डि
(C) भिटामिन ए
(D) प्रोटिन

**३३. मोबाईल फोनको आविष्कार कसले गरेका हुन्?**

(A) माइकल फराडे
(B) एडविन ल्यान्डु
(C) मार्टिन कुपर
(D) बुन्सेन

**३४. सिमसार क्षेत्रको संरक्षण सम्बन्धी रामसार सूचीमा नेपालको तलका मध्ये कुन क्षेत्र सर्वप्रथम सूचीकृत भएको हो?**

(A) रारा ताल
(B) फोक्सुण्डो ताल
(C) गोसाईंकुण्ड
(D) कोशी टप्पु वन्यजन्तु आरक्ष

**३५. सही जोडा मिलाउनुहोस्:**

| | |
|---|---|
| १)जनसंख्या दिवस | (क) अप्रिल ७ |
| २)पर्यटन दिवस | (ख) जुन ५ |
| ३)वातावरण दिवस | (ग) जुलाई ११ |
| ४)स्वास्थ्य दिवस | (घ) सेप्टेम्बर २७ |

(A) १-क, २-ख, ३-ग, ४-घ
(B) १-ख, २-ग, ३-घ, ४-क



Bidhya Mandir

(C) १-ग, २-घ, ३-ख, ४-क (D) १-घ, २-क, ३-ख, ४-ग

**३६. Global Innovation Index, 2025 मा नेपाल कतिऔं स्थानमा छ?**

(A) १०६औं (B) १०७औं

(C) १०८औं (D) १०९औं

**३७. सबैभन्दा पहिले चीनको भ्रमण गर्ने नेपालका प्रधानमन्त्री को थिए?**

(A) बीपी कोइराला (B) डा. केआई सिंह

(C) टंकप्रसाद आचार्य (D) डा. तुलसी गिरी

**३८. संयुक्त राष्ट्र संघका विशिष्टिकृत संस्था र सम्बन्धित प्रधान कार्यालयको स्थानबीच जोडा मिलाई सही विकल्प छान्नुहोस्।**

| | |
|---|---|
| १) अन्तर्राष्ट्रिय हुलाक संघ | क) जेनेभा, स्विटजरल्याण्ड |
| २) विश्व जलवायु संगठन | ख) रोम, इटाली |
| ३) विश्व पर्यटन संगठन | ग) बर्न, स्विटजरल्याण्ड |
| ४) अन्तर्राष्ट्रिय कृषि विकास कोष | घ) मेड्रिड, स्पेन |

(A) १-ग, २-क, ३-ख, ४-घ (B) १-ग, २-क, ३-घ, ४-ख

(C) १-ग, २-घ, ३-क, ४-ख (D) १-ख, २-क, ३-घ, ४-ग

**३९. संयुक्त राष्ट्र संघमा प्रवेश गर्ने पहिलो आसियान (ASEAN) राष्ट्र तलका मध्ये कुन हो?**

(A) इन्डोनेसिया (B) मलेसिया

(C) फिलिपिन्स (D) थाइल्याण्ड

**४०. बंगलादेशका Ministry of Shipping का राज्यमन्त्री Khalid Mahmud Chowdhury स्थलमार्गबाट नेपाल कहिले आएका थिए?**

(A) वि.सं. २०७९ फागुन (B) वि.सं. २०८० माघ

(C) वि.सं. २०८० फागुन (D) वि.सं. २०८० चैत्र

**४१. निम्न भनाइहरू अध्ययन गर्नुहोस् र सही विकल्प छान्नुहोस् ।**

१) लुम्बिनी प्रदेशमा १२ जिल्लाहरू रहेका र यसको कुल क्षेत्रफल २२,२८८ वर्ग कि.मी. रहेको छ ।

२) क्षेत्रफलको आधारमा सुदूरपश्चिम प्रदेशको सानो जिल्ला बझाङ हो ।

(A) १ र २ दुबै ठीक
(B) १ ठीक तर २ बेठीक
(C) १ बेठीक तर २ ठीक
(D) १ र २ दुबै बेठीक

**४२. क्षेत्रफलको आधारमा सानो महादेशबाट ठूलो महादेशको क्रममा कुन सही छ?**

(A) युरोप, दक्षिण अमेरिका, अन्टार्कटिका, उत्तर अमेरिका
(B) अन्टार्कटिका, युरोप, दक्षिण अमेरिका, उत्तर अमेरिका
(C) युरोप, अन्टार्कटिका, दक्षिण अमेरिका, उत्तर अमेरिका
(D) उत्तर अमेरिका, दक्षिण अमेरिका, अन्टार्कटिका, युरोप

**४३. देश र महादेशको आधारमा जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| १) लात्भिया | क) अफ्रिका |
| २) लिबिया | ख) एसिया |
| ३) टर्की | ग) युरोप |

(A) १-ग, २-ख, ३-क
(B) १-ख, २-ग, ३-क
(C) १-क, २-ग, ३-ख
(D) १-ग, २-क, ३-ख

**४४. Caldera के सँग सम्बन्धित छ?**

(A) भूकम्प
(B) हिमनदी
(C) ज्वालामुखी
(D) अक्षांश



Bidhya Mandir

**४५. तलका भनाइहरू अध्ययन गर्नुहोस् र ठीक बेठीक छुट्याउनुहोस्।**

१) थार मरुभूमि युरोप महादेशमा पर्दछ ।

२) एण्डिज पर्वत श्रृंखला दक्षिण अमेरिकामा पर्दछ ।

(A) १ र २ दुबै ठीक
(B) १ र २ दुबै बेठीक
(C) १ ठीक तर २ बेठीक
(D) २ ठीक तर १ बेठीक

**४६. एसिया महादेशमा कति वटा भूपरिवेष्ठित देशहरू रहेका छन्?**

(A) ९
(B) १२
(C) १६
(D) १८

**४७. राणाकालमा फौजदारी मुद्दा हेर्ने र न्याय सम्पादन गर्ने अड्डालाई के भनिन्थ्यो?**

(A) तेजारथ
(B) कौशल
(C) ईटाचपली
(D) लिङ्ङ्गल

**४८. फ्रान्सको राज्यक्रान्तिको नारा के थियो?**

(A) समानता, स्वतन्त्रता र सुख
(B) समानता, स्वतन्त्रता र भातृत्व
(C) समानता, स्वतन्त्रता र न्याय
(D) समानता, स्वतन्त्रता र समावेशीता

**४९. पिरामिडको खास अर्थबारेमा तलका भनाइ अध्ययन गरी सही विकल्प छान्नुहोस् ।**

१) तत्कालीन मिश्रका राजाहरूले नाइल नदीको किनारमा विकास गरेका सभ्यता

२) तत्कालीन मिश्रका राजाहरूको चिहान

(A) १ मात्र ठीक
(B) १ र २ दुबै ठीक
(C) २ मात्र ठीक
(D) १ र २ दुबै बेठीक



www.bidhyamandir.com

५०. जोडा मिलाई सही विकल्प छान्नुहोस् ।

| अ | आ |
|---|---|
| १) वि.सं. १९८८ | क) दास प्रथा उन्मूलन |
| २) वि.सं. १९८७ | ख) प्रचण्ड गोर्खा पर्व |
| ३) वि.सं. १९७७ | ग) लाइब्रेरी पर्व |
| ४) वि.सं. १९८९ | घ) मकै पर्व |

(A) १-ख, २-ग, ३-घ, ४-क (B) १-ग, २-ख, ३-घ, ४-क

(C) १-ख, २-ग, ३-क, ४-घ (D) १-ग, २-घ, ३-क, ४-ख

***Answer Key***

| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 | 18 | 19 | 20 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| C | D | A | B | C | D | C | B | A | A | A | B | A | D | C | C | C | D | D | C |
| 21 | 22 | 23 | 24 | 25 | 26 | 27 | 28 | 29 | 30 | 31 | 32 | 33 | 34 | 35 | 36 | 37 | 38 | 39 | 40 |
| B | B | B | D | A | B | B | A | C | C | A | C | C | D | C | B | C | B | C | D |
| 41 | 42 | 43 | 44 | 45 | 46 | 47 | 48 | 49 | 50 | | | | | | | | | | |
| B | C | D | C | D | B | C | B | C | A | | | | | | | | | | |

## «« समाप्त »»

Bidhyamandir